༄༅། །ཤོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

सोलुदुधकुण्ड नगरपालिका

सल्लेरी, सोलुखुम्बु

कोशी प्रदेश

# सोलुदुधकुण्ड राजपत्र

खण्ड:९ संख्या: १ मिति:२०८२।०४।०२

भाग- १

## सोलुदुधकुण्ड नगरपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको ऐन ।

प्रमाणीकरण मिति: २०८२।०४।३१

**<u>प्रस्तावना</u>**

सोलुदुधकुण्ड नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्नका लागि कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा राजस्व सङ्कलनको प्रशासन सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा-२२८ बमोजिम सोलुदुधकुण्ड नगरपालिकाको पन्धौं नगर सभाले पारित गरे पश्चात लागु हुने छ ।

**प्रस्तावना :**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम  सोलुदुदकुण्ड नगरपालिकाको आर्थिक ऐन ,२०८२ रहेको छ ।

(२) यो ऐन सोलुदुधकुण्ड नगरपालिकाको नगरसभाबाट पारित भएपछि २०८२ साल श्रावण १ गतेदेखि लागू हुनेछ ।

**२. मालपोल तथा भूमिकर :**

(१) नगरक्षेत्र भित्र रहेको भूमिको उपयोग वापतको शुल्क लगाई मालपोत तथा भूमिकर असुल गरिने छ । सो को दररेट **अनुसूची- १** मा उल्लेख गरिएको छ।

(२) उपदफा (१) बमोजिमको शुल्क सम्वन्धित वडा कार्यालय मार्फत सङ्कलन गरिने छ ।

**३. मनोरञ्जन कर :**

(१) नगरक्षेत्र भित्रका हाट वजार, मेला, चलचित्र घर, सांस्कृतिक प्रर्दशन हल, कर्न्सटमा देखाइने मनोरञ्जनजन्य क्रियाकलापहरुमा **अनुसूची -२** वमोजिकको दर लगाई मनोरञ्जन कर असुल गरिने छ ।

(२) उपदफा (१) बमोजिम मनोरञ्जन कर एकमुष्ट तोकिएकोमा सोही बमोजिम र अन्यमा मनोरञ्जन स्थलको प्रवेशका लागि खरीद गरिने टिकटको मूल्य अनुसार लाग्ने छ।

(३) यस बमोजिमको करको सङ्कलन नगर कार्यपालिकाको कार्यालय मार्फत गरिने छ ।

**४. विज्ञापन कर :**

(१) नगरपालिका भित्र विज्ञापन तथा प्रचार सामग्री राखे वापत **अनुसूची- ३** बमोजिमको विज्ञापन कर लगाई असुल गरिने छ ।

(२) उपदफा (१) बमोजिमको रकम नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ ।

**५. बाहिरबाट आयात हुने तरकारी करः**

(१) बाहिरबाट आउने तरकारी र फलफुल वापत लाग्ने कर **अनुसुची-** ४ मा व्यवस्था गरिएको छ।

(२) उपदफा (१) बमोजिमको रकम सम्बन्धित वडा कार्यालय मार्फत सङ्कलन गरिने छ ।

**६. ढुंगा,गिटी वालुवा कर :**

(१) प्रदेश कानूनमा व्यवस्था भए अनुसार नगरक्षेत्र भित्रबाट सङ्कलन गरि विक्री गरिने ढुंगा, गिटी बालुवा वापत रकम **अनुसूची ५** बमोजिम कर लगाई असुल गरिने छ ।

**७. घर वहाल कर :**

(१) नगरक्षेत्रभित्र भाडामा लगाईएका घरको बहाल बार्षिक १० र ३ प्रतिशतका दरले **अनुसुची -२०** बमोजिम घर बहाल कर सम्बन्धित घरधनीबाट असुल गरिने छ।

(२) उपदफा १ बमोजिमको रकम वडा कार्यालय तथा नगरपालिका कार्यालय मार्फत सङ्कलन गरिने छ।

**८. व्यवसाय दर्ता तथा नवीकरण शुल्क :**

(१) नगर क्षेत्र भित्र सञ्चालन हुने व्यवसायहरूका लागि व्यवसाय दर्ता शुल्क तथा दर्ता भएका व्यवसायहरुको नवीकरण वापतको व्यवसाय दर्ता तथा नवीकरण शुल्क **अनुसूची - ६** बमोजिम असुल गरिने छ।

(२) उपदफा १ बमोजिमको कर रकम सम्वन्धित वडा कार्यालय तथा नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ ।

**९. पर्यटन उद्योग शुल्क :**

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका पर्यटकीय स्थल,पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा **अनुसूची- ७** बमोजिम पर्यटन शुल्क लगाई असुल गरिने छ ।

(२) उपदफा १ बमोजिमको पर्यटन शुल्क नगर कार्यपालिकाको कार्यालय मार्फत असुल गरिने छ ।

**१०. सिफारिस / प्रमाणित शुल्क :**

(१) नगरपालिका वा वडाहरुबाट हुने सिफारिसहरुलाई **अनुसूची- ८** बमोजिमका शुल्क कायम गरि सिफारिस शुल्क असुल गरिने छ ।

(२) उपदफा १ बमोजिमको कर सम्बन्धित वडा कार्यालय तथा नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ ।

**११. सेवा सञ्चार उद्योग शुल्कः**

(१) नगरपालिका क्षेत्रमा सञ्चालन भएका र हुने सञ्चार सम्वन्धी उद्योगहरुलाई **अनुसूची -९** बमोजिमको कर लगाई असुल गरिने छ।

(२) उपदफा १ बमोजिमको रकम सम्वन्धित वडा कार्यालय तथा नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ।

**१२. स्वास्थ्य सेवा शुल्कः**

(१) नगरपालिका क्षेत्रमा सञ्चालन भएका र हुने स्वास्थ्य सेवासम्वन्धी संस्थालाई **अनुसूची -१०** बमोजिमको कर लगाई असुल गरिने छ ।

(२) उपदफा १ बमोजिमको रकम नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ।

**१३. काष्ठ उद्योग काठ चिरान तथा निकासीका लागि सिफारिस शुल्कः**

(१) नगरपालिका क्षेत्रमा सञ्चालन हुने काठ चिरानी तथा वनपैदावारमा आधारित उद्योग वा व्यवसायीक संस्था तथा समूहलाई **अनुसूची -११** बमोजिम कर लगाई असुल गरिने छ । घरायसी तथा व्यवासायीक प्रयोजनको लागि काठ चिरान तथा निकासिको लागि सिफारिस गरे वापत **अनुसुची -११** मा उल्लेख भए बमोजिमको कर असुल गरिने छ।

(२) उपदफा १ बमोजिमको रकम सम्वन्धित वडा कार्यालय तथा नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ ।

**१४. इन्धन आयल स्टोर्स दर्ता तथा नविकरण शुल्कः**

(१) नगरपालिका क्षेत्रमा सञ्चालन हुने इन्धन आयल स्टोर दर्ता तथा नवीकरण वापत **अनुसूची- १२** बमोजिम कर लगाई असूली गरिने छ।

(२) उपदफा १ बमोजिमको रकम नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ ।

**१५. सामुदायिक तथा व्यवसायीक जलविद्युत शुल्कः**

(१) नगरपालिका क्षेत्रमा सञ्चालन हुने सामुदायिक तथा व्यवसायिक जलविद्युतका लागि **अनुसूची -१३** बमोजिमको कर लगाई असुल गरिने छ।

(२) उपदफा १ बमोजिमको कर रकम नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ ।

**१६. सामुदायिक एफ.एम तथा रेडियो स्टेशन करः**

(१) नगरक्षेत्रमा सञ्चालन हुने सामुदायिक एफ.एम तथा रेडियो स्टेशन दर्ता अभिलेखिकरण तथा वार्षिक नवीकरण वापत रकम र अनलाईनका माध्यामबाट प्रकासित हुने अनलाईन पत्रिकाको दर्ता, नविकरण **अनुसूची -१४** को बमोजिम कर लगाई असुल गरिने छ ।

(२) उपदफा १ बमोजिमको शुल्क नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ ।

**१७. वित्तीय संस्थाहरुको शुल्कः**

(१) नगरक्षेत्रमा सञ्चालन हुने वित्तीय संस्थाहरुको दर्ता तथा नवीकरण गरे वापत वार्षिक शुल्क **अनुसुची -१५** बमोजिम असुल गरिने छ ।

(२) उपदफा १ बमोजिमको रकम नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ ।

**१८. गैरसरकारी संस्था दर्ता नविकरण तथा कार्यक्रम स्वीकृति शुल्कः**

(१) नगर क्षेत्रमा सञ्चालन हुने र भैरहेको गैरसरकारी संस्था दर्ता, नवीकरण तथा उक्त संस्थाहरूको कार्यक्रम स्वीकृति शुल्क **अनुसूची -१६** बमोजिम सङ्कलन गरिने छ।

(२) उपदफा १ बमोजिमको रकम नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ ।

## १९. घर नक्सा पास, नामसारी तथा अभिलेखीकरण शुल्कः

(१) घर नक्सा पास, नामसारी तथा अभिलेखीकरण वापतको **अनुसूची -१७** मा उल्लेखित शुल्क कर लगाई असुल गरिने छ ।

(२) उपदफा १ बमोजिमको रकम नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ ।

## २०. कार्यालयको औजार तथा सवारी साधान बहाल शुल्कः

(१) यस नगरपालिकाको औजार सामाग्री तथासवारी साधन भाडामा लगाए वापतको रकम **अनुसूची -१८** बमोजिम कर लगाई असुल गरिने छ।

(२) उपदफा १ बमोजिमको रकम नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ ।

## २१. सेवा व्यवसाय सञ्चालन दर्ता शुल्कः

(१) नगरपालिका क्षेत्रमा सञ्चालन हुने भाषा शिक्षण कक्षा, ट्यूसन कक्षा, कम्प्युटर कक्षा, बैदेशिक रोजगार सेवा,घर जग्गा खरिद बिक्री तथा भु-सेवाका लागि **अनुसूची- १९** बमोजिमको कर लगाई असुल गरिने छ।

(२) उपदफा १ बमोजिमको रकम वडा कार्यालय तथा नगर कार्यपालिकाको कार्यालय मार्फत असुल गरिने छ ।

## २२. अन्य/विविध विषयका कर तथा शुल्कः

(१) अन्य विषयका कर **अनुसूची -२०** मा उल्लेखित वापतको रकम कर लगाई असुल गरिने छ ।

(२) उपदफा १ बमोजिमको रकम नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ ।

## २३. करका दर बढाउन वा छुट दिन सक्नेः

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिकाले आवश्यकता अनुसार र औचित्यताको आधारमा यो ऐन र अन्य प्रचलित कानून बमोजिम लगाईएका दस्तुर करका दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क र कर आंशिक वा पुर्णरुपमा छूट दिनसक्नेछ ।

(२) उपदफा १ बमोजिम दिईएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरुपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छूट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छूट दिइएको दस्तुर, शुल्क र कर रकम असुल उपर गरी सो वरावर जरिवाना गरिने छ ।

**२४. दण्ड जरिवानाः**

यस ऐनमा उल्लेखित कर रकम एक आर्थिक वर्षमा नबुझाएमा थप १० प्रतिशत जरिवाना गरी सङ्कलन गरिने छ साथै यस ऐनको उल्लंघन वापत हुने दण्ड र जरिवानाको व्यवस्था प्रचालित ऐन नियम एंव प्रदेश तथा संघीय कानुन बमोजिम हुनेछ ।

२५. यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम संघ तथा प्रदेश सरकारको आर्थिक ऐन एंव प्रचालित ऐन नियम बमोजिम तोकिने कर, दस्तूर र शुल्कका विषयमा सोही बमोजिम कर, दस्तूर र शुल्क कायम गरी असुल उपर गरिने छ ।

**२६. खारेजी र बचाउः**

यस अघि प्रचलित कानुन बमोजिम भए गेरेका काम कार्वाही यसै ऐन बमोजिम भएको मानिने छ ।

# आर्थिक वर्ष २०८२/०८३ को लागि निर्धारण गरिएको कर, दस्तुर, शुल्क तथा जरिवानाको दरहरूः

## अनुसूची-१

## मालपोत तथा भूमिकर

| सि.नं. | विवरण | कर | कैफियत |
|---|---|---|---|
| १. | **मालपोत तथा भूमिकर सम्बन्धी** | | |
| (क) | आवासको लागि<br>न्युनतम (१ रोपनीसम्म ) | रू १००।- | |
| (ख) | आवासको लागि<br>अधिकतम (५ रोपनीसम्म) न्युनतममा थप हुने | रू १५।- | |
| (ग) | कृषि न्यूनतम ५ रोपनीसम्म | रू ५०।- | |
| (घ) | कृषि अधिकतम ५ रोपनी भन्दा माथि प्रति रोपनी थप | रू १०।- | |
| (ङ) | अन्य जग्गामा प्रतिरोपनी | रू १५।- | |
| (च) | जरिवाना दस्तुर वक्यौदा रकमको | २०% | |
| (छ) | मालपोत कार्यालयका लागि गरिने जुनसुकै सिफारिस पत्रका सिफारिस दस्तुर (नामसारी, चार किल्ला खुलाउने आदि) | रू ६००।- | |
| (ज) | बैंक प्रयोजनार्थ मालपोत सम्बन्धी सिफारिस | रू ५००।- | |
| (झ) | जग्गा प्लटिङ्ग सिफारिस प्रति वर्ग फिट (व्यवसायिक प्रयोजनका लागि) | रू १०।- | |

## अनूसूची-२
## मनोरञ्जन कर

| १. | मनोरञ्जन कर | कर | कैफियत |
|---|---|---|---|
| (क) | स्टेज कार्यक्रम तथा एक्स्पा कार्यक्रम (एक पटकमा) | | |
| अ. | स्थानीय संस्थाहरुका लागि | रू १,०००।- | |
| आ. | गैरसरकारी संस्थाहरुका लागि | रू २,०००।- | |
| इ. | व्यवसायिक संस्थाहरुका लागि | रू ५,०००।- | |

## अनुसूची -३
## विज्ञापन कर

| १. | विज्ञापन होर्डिङवोर्ड/ साईनबोर्ड/ फ्याक्सबोर्ड राख्ने अनुमति वापतका शुल्क प्रति गोटा र फिटमा | कर | कैफियत |
|---|---|---|---|
| (क) | मदिरा तथा सूर्तिजन्य बाहेकका विज्ञापनमा | रू ५,०००।- | |
| (ख) | डिलरमा आधारित व्यवसायिक व्यानरमा (व्यवसायीक प्रसार ) | रू १०,०००।- | |
| (ग) | पोलव्यानर प्रतिगोटा एक हप्ता र) (महिनाका लागि | रू ५०। -र रू २५०।- | |
| (घ) | कुनै खास महोत्सव, जात्रा प्रतियोगिता र व्यवसायिक होर्डिङ वोर्ड (नगरपालिकाले तोकेको स्थानमा एक पटकको लागि) प्रति क्यू फिट | रू १०।- | |
| (ङ) | १.५ x ३ फिट साईजको होडिङ वोर्ड निःशुल्क राख्न पाईने र १.५x३ भन्दा ठूलो राख्नु परेमा प्रतिफिटमा थप हुदै जाने राजश्व (एक वर्षको लागि) | रू ०.५० | |

## अनूसूची- ४
## तरकारी र फलफूलमा आयत तथा निर्यातमा लाग्ने कर

| १. | आयात तथा निर्यातमा हुने तरकारी र फलफूल कर | कर | कैफियत |
|---|---|---|---|
| (क) | आयात हुने तरकारी र फलफूलमा लाग्ने कर प्रति के. जी. | रू ३ ।- | |

## अनूसूची - ५
## ढुङ्गा,गिट्टी बालुवा कर

| १. | ढुङ्गा,गिटी वालुवा कर | कर | कैफियत |
|---|---|---|---|
| (क) | ढुङ्गा, गिट्टी, बालुवा (प्रति घन फिट) | प्रदेश सरकारको दर अनुसार | |
| (ख) | स्रोतबाट सङ्कलन गरेकोमा | प्रदेश सरकारको दर अनुसार | |
| (ग) | निकासी गरेमा (सङ्कलन थप हुने) | प्रदेश सरकारको दर अनुसार | |

## अनूसूची - ६
## व्यवसाय दर्ता तथा नविकरण शुल्क

| १. | व्यवसाय नविकरण वार्षिक शुल्क | दर्ता | नविकरण | कैफियत |
|---|---|---|---|---|
| (क) | ज्वेलरी पसल | रू २,५०० ।- | रू १५,०० ।- | |
| (ख) | इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल र भाँडावर्तनका पसल | रू २,००० ।- | रू १,००० ।- | |
| (ग) | मदिरा तथा सूर्तिजन्य पदार्थ सहितका पसल | रू ५,००० ।- | रू २,००० ।- | |

| | | | | |
|---|---|---|---|---|
| (घ) | किराना पसल तथा अन्य पसल | रू १,५००।- | रू ५००।- | |
| (ङ) | सवारी साधन विक्रेता पसल र शोरुम | रू १०,०००।- | रू ५,०००।- | |
| (च) | हार्डवेयर तथा निर्माण सामाग्री सप्लायर्स | रू १०,०००।- | रू ५,०००।- | |
| (छ) | अन्य विविध प्रकारका पसलहरु तथा व्यवसायहरु (जस्तै मर्मत केन्द्रहरु, पुल हाउस, जिम हाउस, शैलुन लगायत कुनै पनि शिर्षकमा नपरेका व्यवसायहरु ) | रू ३,०००।- | रू १,५००।- | |
| (ज) | मासु पसल | रू १,५००।- | रू १,०००।- | |
| (झ) | फर्निचर निर्माण गरी विक्री गर्ने व्यवसायहरु | रू ५,०००।- | रू ३,०००।- | |
| (ञ) | ग्रिल उद्योग | रू १०,०००।- | रू ५,०००।- | |
| (ट) | ऊर्जामुलक उद्योग (वायो ग्याँस तथा अन्य स्रोतहरुबाट ऊर्जा पैदा गर्न उद्योग व्यवसाय) | रू २,५००।- | रू २,५००।- | |
| (ठ) | मोटर साईकल लगायत दुई पाङ्ग्रे सवारी साधन मर्मत गर्ने वर्कसप | रू १०,०००।- | रू ५,०००।- | |
| (ड) | चारपाङ्ग्रे तथा हेभि इक्युपमेन्ट लगायतका सवारी साधनहरु मर्मत गर्ने वर्कसप | रू १५,०००।- | रू १०,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| (ढ) | सेवा प्रदायक व्यवसायहरु सञ्चालनका लागि | रू ५,०००।- | रू ३,०००।- | |
| (ण) | माथि उल्लेखित भए बाहेकका व्यवसायका लागि | रू ३,०००।- | रू २,०००।- | |

## अनुसूची - ७
## पर्यटन उद्योग शुल्क

| १. | **पर्यटन उद्योग वार्षिक शुल्क** | दर्ता | नविकरण | कैफियत |
|---|---|---|---|---|
| (क) | **होटल, रेष्टूरेण्ट, लज, होमस्टे** | | | |
| अ. | ५ लाखसम्म पूँजी भएको होटल, रेष्टूरेण्ट, लज, गेष्टहाउस, होमस्टे | रू २०००।- | रू १५००।- | |
| आ. | रू ५ लाख देखि रू १० लाखभन्दा माथि पूँजी भएको होटल, रेष्टूरेण्ट, लज, गेष्ट हाउस, होमस्टे | रू १०,०००।- | रू २५००।- | |
| (ख) | चिया पसल,बेकरी पसल तथा पार्लर | रू १,५००।- | रू ५००।- | |
| (ग) | जीप, वस , टेम्पो दर्ता, नविकरण शुल्क | -कुनै एउटा मात्र काउन्टर भएमा रू ६,०००।<br>-दुई वा सो भन्दा बढी भएमा रू १०,०००। -लिईनेछ। | | रू ५,०००।-<br>रू १०,०००।- |
| (घ) | ट्राभल एजेन्सी | रू ३,५००।- | रू २,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| (ङ) | ५० लाख भन्दा बढी होटल, रिसोर्ट आदि | रू १५,०००।- | रू ५,०००।- | |

## अनुसूची - ८
## सिफारिस/प्रमाणित शुल्क

| १. | सिफारिस तथा फाराम दस्तुर | शुल्क | कैफियत |
|---|---|---|---|
| (क) | पेन्सन सिफारिस | रू ५००।- | |
| (ख) | नेपाली नागरिकता सिफारिस | रू ५००।- | |
| (ग) | नेपाली नागरिकता प्रतिलिपि सिफारिस | रू १०००।- | |
| (घ) | अंगीकृत नयाँ तथा प्रतिलिपि नागरिकता फाराम सहित सिफारिस | रू १,०००।- | |
| (ङ) | गैर आवासीय नागरिकताको सिफारिस | रू ३,०००।- | |
| (च) | सर्जिमिन मुचुल्का गर्नु पर्ने सिफारिस (मालपोत कार्यालयका लागि) | रू १,०००।- | |
| (छ) | बत्ति वा पानीको सिफारिस | रू ५००।- | |
| (ज) | **नाता प्रमाणित सिफारिसः** | | |
| | अ. नेपाली र अंग्रेजीमा | रू १,०००।- | |
| | आ. नेपाली मात्र/अंग्रेजी मात्र | रू ५००।- | |
| (झ) | घर बाटो प्रमाणित वा फुकुवा सिफारिस (प्रति कित्ता) | रू ५००।- | |
| (ञ) | अस्थायी ठेगाना प्रमाणित, विवाह, नाता, जन्म, अविवाहिता तथा जुनसुकै प्रमाणित | रू ५००।- | |
| (ट) | छुट जग्गा दर्ता सिफारिस | रू १,०००।- | |
| (ठ) | पञ्जिकरण (जन्म, मृत्यु, वसाईसराई, विवाह र सम्बन्ध विच्छेद) अनलाईनका नियम अनुसार र प्रतिलिपि | रू २००।- र रू ५००।- | |

| | | | |
|---|---|---|---|
| (ड) | सम्बन्ध विच्छेद सिफारिस (न्यायिक समिति मार्फत) | रू १०,०००।- | |
| (ढ) | यसै शिर्षकसँग सम्बन्धित अन्य सिफारिस | रू ५००।- | |
| (ण) | नागरिकता सिफारस गर्न सर्जमिन मुचुल्का | रू १०००।- | |
| (ट) | विदेशीको हकमा स्वयं सेवकहरुलाई लिईने शुल्क(प्रति महिना) | रू २,०००।- | |

## अनुसूची - ९
## सेवा तथा सञ्चार उद्योग शुल्क

| १. | सेवा तथा सञ्चार उद्योग शुल्क | दर्ता शुल्क | नविकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| (क) | छापाखाना, परामर्श सेवा, फोटोग्राफी प्रकृतिका पसलहरू | रू ५,०००।- | रू ३,०००।- | |
| (ख) | निजि क्षेत्रका मोवाइल सेवा प्रदायक | रू ५,०००।- | रू ३,०००।- | |
| (ग) | निजि इन्टरनेट सेवा प्रदायक संस्था | रू १०,०००।- | रू ५,०००।- | |

## अनुसूची- १०
## स्वास्थ्य सेवा शुल्क

| १. | **स्वास्थ्य सेवा** | दर्ता | नविकरण |
|---|---|---|---|
| (क) | १. संस्था दर्ता शुल्क (निजि स्वास्थ्य संस्था) | रू १०,०००।- | रू ५,०००।- |
| | २. फार्मेसी (जनस्वास्थ्य, पशु, कृषि) | रू २,०००।- | रू १,०००।- |
| | ३. अन्यत्र दर्ता भएका स्वास्थ्य संस्था सूचिकृत | रू २,०००।- | |
| २. | **वार्षिक शुल्क** | | |

| | | | |
|---|---|---|---|
| (क) | प्राइभेट अस्पताल | रू १०,०००।- | |
| (ख) | स्वास्थ्य क्लिनिक तथा ल्याव सेवा | रू ५,०००।- | |
| (ग) | औषधि पसल तथा मेडिकल सेवा | रू ५,०००।- | |

## अनुसूची - ११

## काष्ठ उद्योग, काठ चिरान तथा सिफारिस शुल्क

| १. | काष्ठ उद्योग | दर्ता शुल्क | नविकरण शुल्क |
|---|---|---|---|
| (क) | काठ चिरानी मिल | रु १५,०००।. | रू १०,०००।- |
| (ख) | कृषि, पशु, वन्यजन्तु तथा वन पैदावरमा आधारित उद्योग व्यवसायीक संस्था तथा समूह दर्ता | रू ३,०००।- | रू १,०००।- |
| (ग) | साना सिचाई आयोजना निवेदन दस्तुर | रू ५००।- | |
| (घ) | ५ लाख माथि पूँजि भएका कृषि, पशु, वन्यजन्तु तथा वन पैदावरमा आधारित उद्योग व्यवसायीक संस्था तथा समूह सूचिकृत | रू १,०००।- | |
| (ङ) | कृषि, पशु, वन्यजन्तु तथा वन पैदावरमा आधारित उद्योग व्यवसायीक संस्था तथा समूह जुनसुकै सिफारिस बापत | रू ५००।- | |
| २. | काठ चिरान तथा निकासीका लागि सिफारिस | | |
| अ. | घरायसी प्रयोजनका लागि सल्ला, गोब्रे, ठिङ्ग्रे जाति प्रति रुख (जग्गा धनीले वडा कार्यालयमा रुख कटान सिफारिस वापत तिर्नुपर्ने) | रू २००।- | |

| | | | |
|---|---|---|---|
| आ. | घरायसी प्रयोजनका लागि उत्तिस जाति प्रति रुख (जग्गा धनीले वडा कार्यालयमा रुख कटान सिफारिस वापत तिर्नुपर्ने) | रू १५०।- | |
| इ. | अवैध रुख बाहेक अन्य जातिका घरायसी प्रयोजनका लागि ( जग्गा धनीले वडा कार्यालयमा रुख कटान सिफारिस वापत तिर्नुपर्ने) | रू १००।- | |
| ई. | व्यवसायीक प्रयोजनका लागि व्यवसायीहरुले नगरपालिकामा निकासी तथा विक्री वापत तिर्नु पर्ने गोलिया/चिरान काठ प्रतिक्यू फिट | रू १०।- | |

## अनुसूची - १२

## इन्धन आयल स्टोर्स तथा दर्ता नविकरण शुल्क

| **१.** | **इन्धन आयल स्टोर्स** | **दर्ता** | **नविकरण** | **कैफियत** |
|---|---|---|---|---|
| (क) | दर्ता तथा अभिलेखिकरण | रू २०,०००।- | रू १५,०००।- | |

## अनुसूची - १३

## सामुदायिक तथा व्यवसायिक जलविद्युत शुल्क

| **१.** | **विवरण** | **शुल्क** | **कैफियत** |
|---|---|---|---|
| **(क)** | **सामुदायिक जलविद्युत वार्षिक शूल्कः** | | |
| अ. | १०० वाट देखि १ मेगावाटसम्म | रू १,००,०००।- | |
| **(ख)** | **व्यवसायिक जलविद्युत उत्पादन वार्षिक शुल्कः** | | |
| अ. | १ मेगावाट देखि १० मेगावाटसम्म | रू २ लाख | |
| आ. | १० मेगावाट देखि २५ मेगावाटसम्म | रू २ लाख ५० हजार | |
| इ. | २५मेगावाटदेखि १०० मेगावाटसम्म | रू ४ लाख | |

## अनुसूची - १४
## सामुदायिक एफ.एम. तथा रेडियो स्टेशन कर

| १. | सामूदायिक एफ एम तथा रेडियो स्टेशन | दर्ता शुल्क | नविकरण शुल्क |
|---|---|---|---|
| (क) | सामूदायिक एफ. एम. तथा रेडियो स्टेशन दर्ता वा अभिलेखिकरण | रू १०,०००।- | रू ५,०००।- |
| (ख) | अनलाईन मिडिया | रू ५,०००।- | रू २५००।- |

## अनुसूची - १५
## वित्तीय संस्थाहरुका शुल्क

| १. | वित्तीय संस्थाहरु वार्षिक शुल्क | दर्ता शुल्क | नविकरण |
|---|---|---|---|
| (क) | राष्ट्रिय वाणिज्य बैंकहरूका शाखा कार्यालयहरू, क वर्गका वाणिज्य बैंकहरूको शाखा कार्यालयहरू र बिमा कम्पनीहरू बार्षिक सूचिकृत | रू १५,०००।- | रू १०,०००।- |
| (ख) | विकास बैंक, वित्तीय संस्था र धितोपत्र कारोबार गर्ने संस्था सूचिकृत | रू १०,०००।- | रू ५,०००।- |
| (ग) | मुद्रा सटही काउण्टर सूचिकृत | रू १०,०००।- | रू ५,०००।- |
| (घ) | कृषि सहकारी संस्था, किसान सहकारी संस्था, महिला सहकारी संस्था | रू १,०००।- | रू ५००।- |

# अनुसूची - १६
## गैर सरकारी संस्था सूचिकृत दर्ता, नविकरण तथा कार्यक्रम स्वीकृति शुल्क

| क्र.सं. | संस्था सूचिकृत दर्ता, नविकरण तथा कार्यक्रम स्वीकृति | दर्ता | नविकरण |
|---|---|---|---|
| (क) | सोलुखुम्बु जिल्ला भन्दाबाहिर दर्ता भई यस नगरपालिकालाई कार्यक्षेत्र बनाएर कार्य गर्ने संस्थाहरु | रू १०,०००।- | रू ५,०००।- |
| (ख) | सोलुखुम्बु जिल्लाभित्र दर्ता भई नगरपालिकालाई कार्यक्षेत्र बनाएका संस्थाहरू तथा सहकारी | रू २,०००।- | रू १,०००।- |
| (ग) | जिल्ला बाहिर दर्ता भएका संस्थाहरुले कायर्क्रम स्वीकृत दस्तुर (दर्ता / नविकरण नगरेको हकमा) | रू ५,०००।- | |
| (घ) | चिकित्सक, कविराज, ईन्जिनियर, कानून व्यवसायी आदि जस्ता सेवा प्रदान गर्नेहरूका लागि वार्षिक सेवा शुल्क | रू १०,०००।- | रू ५,०००।- |
| | लेखापरीक्षण,दन्तचिकित्सक,अनुसन्धानकर्ता,पशुचिकित्सक | रू ५,०००।- | रू २,५००।- |
| (ङ) | संस्था सूचिकृत | रू १,०००।- | |

# अनुसूची - १७

## घर नक्सा पास र तल्ला थप, नामसारी तथा अभिलेखिकरण वापतको शुल्क

| | | | | | |
|---|---|---|---|---|---|
| **१७.१ भवन प्रयोजनको किसिम (प्रति वर्ग फिटको लाग्ने दस्तुर)** | | | | | |
| किसिम | आवासीय | औद्योगिक, व्यापारिक र सामुदायिक | सरकारी | संस्थागत | कैफियत |
| क वर्ग | रू १०।- | रू १३।- | रू १५ | रू १३।- | |
| ख वर्ग | रू ५।- | रू ८।- | रू १० | रू ८।- | |
| ग वर्ग | रू ४।- | रू ७।- | रू ८ | रू ७।- | |
| घ वर्ग | रू २।- | रू ५।- | रू ७ | रू ६।- | |
| **१७.२ भवनको नामसारी गर्नका लागि** | | | | | |
| क वर्ग | रू ४।- | रू ७।- | रू १० | रू ७।- | |
| ख वर्ग | रू ३।- | रू ५।- | रू ८ | रू ५।- | |
| ग वर्ग | रू २।- | रू ५।- | रू ७ | रू ५।- | |
| घ वर्ग | रू १।- | रू २।- | रू ५ | रू २।- | |
| **१७.३ भवनको मापदण्ड अनुसार नक्सा पास नभएका घरहरुका अभिलेखिकरण कार्य गर्नको लागि** | | | | | |
| क वर्ग | रू ८।- | रू १०।- | रू १२।- | रू ११।- | |
| ख वर्ग | रू ४।- | रू ६।- | रू ९।- | रू ८।- | |
| ग वर्ग | रू ३।- | रू ५।- | रु ८।- | रू ७।- | |
| घ वर्ग | रू २ | रू ४।- | रु ६।- | रू ५।- | |
| १. कम्पाउण्ड वाल निर्माण कार्य गर्दा प्रति वर्ग फिट रु०.५० | | | | | |
| भवन निर्माण गर्न म्याद समाप्त भई म्याद थप गर्नु परेमा नक्सा पासका लागि बुझाएका दस्तुरको १० प्रतिशत जरिवाना लाग्ने । | | | | | |
| ३. नक्सा पास संशोधन गराए वापत नक्सा पास दस्तुरको २५ प्रतिशत | | | | | |
| यस नगरपालिकामा व्यवसाय दर्ता नगराएका प्राविधिक परामर्श सेवा फर्म मार्फत घर नक्सा बनाई पेश गर्दा प्रति वर्ग फिट रू ०.५० थप दस्तुर लाग्नेछ । | | | | | |

**नोटः-**

**“क” वर्गका घर -RCC ढलान**

**“ख”वर्गका घर -RCC पिल्लर, जस्ताका छाना र सिमेन्टका जोडाइ ।**

**“ग” वर्गका घर - माटोको गारो तथा जोडाइ भएका र जस्ताका छाना।**

**“घ” वर्गका घर - ढुङ्गा, माटो, काठ सहितका जस्ताले बारेका तथा तथा काठ, जस्तापाता ढुङ्गा र फुसको छाना ।**

**नक्सा पास भई भवन निर्माण भईसकेका भवन महिलाको नाममा नामसारी गर्दा २५ प्रतिशत रकम छुट दिइनेछ।**

## अनुसूची - १८

## कार्यालयका औजार तथा सवारी साधन वहाल शुल्क

| १. | कार्यालयका इक्युपमेन्ट तथा सवारी साधनको वहाल शुल्क | शुल्क | कैफियत |
|---|---|---|---|
| (क) | एक्साभेटर (बकेट वा ब्रेकर सहित प्रति घण्टा) | रू ७,०००।- | |
| (ख) | ब्रेकर मात्र (प्रतिघण्टा) | रू २,०००।- | |
| (ग) | व्याक-होलोडर (प्रतिघण्टा) | रू ३,०००।- | |
| (घ) | डबल टेण्डम रोलर (प्रतिघण्टा) | रू ३,५००।- | |
| (ङ) | टायर भएका रोलर (प्रतिघण्टा) | रू ४,०००।- | |
| (च) | हेभि ट्रिपर (प्रतिदिन) | रू १०,०००।- | |
| (छ) | साना ट्रिपर (प्रतिदिन) | रू ८,०००।- | |
| (ज) | एम्बुलेन्स सोलुखुम्बु र ओखलढुङ्गा जिल्ला वाहेक (प्रति पटक) | रू ९,०००।- | |
| (झ) | प्रोजेक्टर मेसीन (प्रतिघण्टा) | रू ५००।- | |
| (ञ) | जेनेरेटर मेसीन(प्रतिघण्टा) | रू १०००।- | |

## अनुसूची - १९
## सेवा व्यवसाय सञ्चालन सूचिकृत दर्ता र नविकरण शुल्कः

| १. | सेवा व्यवसाय सञ्चालन दर्ता शुल्कः | दर्ता | नविकरण | कैफियत |
|---|---|---|---|---|
| (क) | भाषा शिक्षण, ट्यूसन कक्षा, कम्प्युटर कक्षाजस्ता तालिम सञ्चालन गर्ने व्यवसाय | सूचिकृत दर्ता रू ५,०००।- | सूचिकृत नविकरण रू ३,०००।- | |
| (ख) | वैदेशिक रोजगार र परामर्श सेवा | सूचिकृत दर्ता रू ५,०००।- | सूचिकृत नविकरण रू ३,०००।- | |
| (ग) | घर जग्गा खरिद / विक्री ( भू-सेवा) | सुचिकृत दर्ता रू ५,०००।- | सूचिकृत नविकरण रू ३,०००।- | |

## अनुसूची -२०
## अन्य विषयमा कर तथा शुल्क

| १. | उद्योग स्थापनाका लागि सिफारिस | शुल्क | कैफियत |
|---|---|---|---|
| (क) | ५ लाखसम्म | रू ३००।- | |
| (ख) | ५ लाखदेखि २० लाखसम्म | रू ५००।- | |
| (ग) | २१ लाख देखि ५० लाखसम्म | रू १,०००।- | |
| (घ) | ५० लाख देखि १ करोडसम्म | रू १,५००।- | |
| (ङ) | १ करोड देखि ५ करोड सम्म | रू ३,०००।- | |
| (च) | ५ करोड माथि | रू ५,०००।- | |
| २. | निजी विद्यालय अपग्रेड तथा दर्ता सिफारिस | | |
| (क) | किण्डर गार्डेन | रू ५०००।- | |

| | | | |
|---|---|---|---|
| (ख) | आधारभूत विद्यालय तहको लागि | रू ७,५००।- | |
| (ग) | माध्यामिक विद्यालय तहको लागि | रू १०,०००।- | |
| (घ) | कलेज तथा क्याम्पसका लागि | रू १५,०००।- | |
| ३. | माथिका बुँदामा कतै नसमेटिएका अन्य जुनसुकै सिफारिस वापत | रू ५००।- | |
| ४. | धितो तथा सम्पत्ति मूल्याङ्कन गरे वापत मूल्याङ्कित रकमको | ०.१५ पैसा प्रति हजार | |
| ५. | ऋण लिनेदिने प्रमाणित | | |
| (क) | रू १ लाखसम्मको लेनदेन प्रमाणित (ऋण दिनेले) | रू ५००।- | |
| (ख) | रू १ लाख देखि ५ लाखसम्मको लेनदेन प्रमाणि (ऋण दिने/लिने दुवैले) वुझाउनु पर्ने दस्तुर | रू १,०००।- | |
| (ग) | रू १० लाख देखि २० लाखसम्म लेनदेन प्रमाणित(ऋण दिने/लिने दुवैले) वुझाउनुपर्ने दस्तुर | रू २,०००।- | |
| (घ) | रू २० लाख देखि ५० लाखसम्म लेनदेन प्रमाण (ऋण दिने/लिने दुवैले) वुझाउनुपर्ने दस्तुर | रू २,५००।- | |
| (ङ) | रू ५० लाख देखि माथि लेनदेन प्रमाणित (ऋण दिने/ दिने दुवैले)वुझाउनुपर्ने दस्तुर | रू ३,०००।- | |
| ६. | (क) न्यायिक समिति उजुरी दर्ता (घरेलु हिंसा वाहेक) | रू ५००।- | |
| | (ख)अव्यवस्थित जुनसुकै सामान थोरै मूल्यका लागि जरिवाना(एक पटक) | रू १०००।- | |

| | | | |
|---|---|---|---|
| | (ग)अव्यवस्थित जुनसुकै सामान धेरै मूल्यका लागि जरिवाना(एक पटक) | रू १५००।- | |
| ७. | **अमिन खटाई वापतको शुल्कः** | | |
| (क) | अमिन खटाई सीमाङ्कन गर्नु पर्दा निवेदकले एक पटकको लागि तिर्नुपर्ने शुल्क (वडा नं.१,८,९,१०,११) प्रति कित्ता | रू ३,५००।- | |
| (ख) | अमिन खटाई सीमाङ्कन गर्नु पर्दा निवेदकले एक पटकका लागि तिर्नुपर्ने शुल्क (वडा नं.२,३,७) प्रति कित्ता | रू २,५००।- | |
| (ग) | अमिन खटाई सीमाङ्कन गर्नु पर्दा निवेदकले एक पटकका लागि तिर्नुपर्ने शुल्क (वडा नं.४,५,६)प्रति कित्ता | रू १,५००।- | |
| ८. | **व्यवसाय दर्ता शुल्क र नविकरण शुल्क (सबै उद्योगहरुका लागि तोकिएकोमा बाहेक)** | रू १,०००।- | |
| ९. | **“घ” वर्गका इजाजत पत्र (निर्माण व्यवसाय):** | | |
| (क) | **“घ”** वर्गका इजाजत पत्र दर्ता/नविकरण | रू ५,०००।- | रू २,०००।- |
| (ख) | **“घ”** वर्गका इजाजत पत्र प्रतिलिपि | रू २,०००।- | |
| १०. | **सूचिकृत** | | |
| (क) | निर्माण व्यवसायी सूचिकृत | रू ५,०००।- | |
| (ख) | मसलन्द आपूर्ति छपाई गर्ने फर्म सूचिकृत(छापाखाना,लाईवेरी,स्टेसनरी) | रू १,०००।- | |
| (ग) | परामर्शदाता,कन्सल्टेन्सी ,फार्मेसी,एग्रोभेट आदी सूचिकृत | रू २,०००।- | |

| | | | |
|---|---|---|---|
| (घ) | एफ.एम.रेडियो,अनलाईन मिडिया तथा सञ्चार सम्वन्धि काम गर्ने सवै सूचिकृत | रू २,०००।- | |
| (ङ) | अन्य समूह सूचिकृत /संस्था सूचिकृत/सहकारी सूचिकृत | रू १,०००।- | |
| **११.** | **निजी तथा भाडाका सवारी पटके कर** | **प्रदेश सरकारका दर अनुसार** | |
| (क) | बस, ट्रक, लहरी(ट्रेलर ) | प्रदेश सरकारका दरअनुसार | |
| (ख) | ट्र्याक्टर | प्रदेश सरकारका दर अनुसार | |
| (ग) | कार,जिप,भ्यान,पिकअप जस्ता सवारी साधन | प्रदेश सरकारका दर अनुसार | |
| (घ) | हवाई कम्पनीका लागि वार्षिक शुल्क | प्रदेश सरकारका दर अनुसार | |
| **१२.** | **घर बहाल कर** | | |
| (क) | नगरपालिकाको स्वामित्वमा रहेका जग्गामा बनेका घर वा टहरामा घरधनीआफै बसेमा वा कसैलाई भाडामा दिएमा घर जग्गा वहाल कर वापतका कर लिईने )प्रति वर्गफिट वार्षिक वहाल बिटौरी कर | रू १२।- | |
| (ख) | व्यक्तिको स्वामित्वमा रहेको घर तथा जग्गा कार्यालय,संघ,संस्थालाई भाडामा दिंदा घर वहाल सम्झौताको आधारमा(कार्यालय,संघ,संस्थाले) तिर्नुपर्ने घर तथा जग्गा बहाल कर | घर भाडा संझौता रकमको १० % | |

| | | | |
|---|---|---|---|
| (ग) | व्यक्तिको स्वामित्वमा रहेको घर तथा जग्गा व्यक्तिगत प्रयोजनका लागि बहालमा दिंदा घर धनीले घर वहाल सम्झौताको आधारमा तिर्नुपर्ने घर तथा जग्गा बहाल कर | घर भाडा संझौता रकमको ३ % | |
| **१३.** | **टेण्डर फाराम विक्री विज्ञापन र) (सूचना अनुसार** | **सूचना अनुसार** | |
| **१४.** | **परीक्षा दस्तुर** | | |
| (क) | श्रेणिविहिन पदका लागि परिक्षा दस्तुर | रू ५००।- | |
| (ख) | सहायक स्तर (चौथो/पाँचौं) पदका लागि परिक्षा दस्तुर | रू १,०००। | |
| (ग) | अन्य पदका लागि परिक्षा दस्तुर | रू १,५००।- | |
| **१५.** | लेखा परीक्षक निवेदन दस्तुर | रू १,०००।- | |
| **१६.** | **घर नक्सापास किताबः** | | |
| (क) | डिजाईन सहितकोघर नक्शा पास किताव | रू ५,०००।- | |
| (ख) | घरनक्शा पास किताव/घर, टहरा अभिलेखिकरण किताव | रू १,०००।- | |
| **१७.** | खानी उत्खनन् | प्रदेश सरकारको दररेट अनुसार | |
| **१८.** | **फोहोर सङ्कलन** | | |
| (क) | आवाशिय प्रयोजन (व्यक्तिगत ), सरकारी कार्यालय | रू २५०। प्रति महिना | |
| (ख) | होटल, पसल, टेलर्स, तरकारी पसल, शैलुन, पार्लर ) | रू ३५०। प्रति महिना | |

| | | | |
|---|---|---|---|
| (ग) | ग्यारेज, सामुदायिक अस्पताल, क्लिनिक, सिसाका पसल, संघसंस्था, लज तथा गेष्ट हाउस, मासुपसल आदि | रू ५००।- प्रति महिना | |
| **१९.** | **जडिबुट्टी र अन्य सेवामा देहाय बमोजिम सिफारिस कर तथा शुल्क** | | |
| (क) | चिराइतो प्रति के.जी. | रू २।- | |
| (ख) | लोक्ता र अर्घेली प्रति के.जी. | रू २।- | |
| (ग) | नेपाली कागज प्रति कोरी | रू ५।- | |
| (घ) | सुगन्धवाल प्रति केजी | रू १।- | |
| (ङ) | सतुवा तिनतले बाँको | रू २।- | |
| (च) | लौठसल्ला प्रति के.जी. | रू १।- | |
| (छ) | सुनपाती प्रति के.जी. | रू १।- | |
| (ज) | बैरुंगपाती प्रति के.जी. | रू १।- | |
| (झ) | कुर्की प्रति के.जी. | रू १।- | |
| (ञ) | मजिटो प्रति केजी. | रू १।- | |
| (ट) | पदमचाल, चुल्ठी प्रति के.जी. | रू १।- | |
| (ठ) | बोझो प्रति के.जी. | रू १।- | |
| (ड) | बनलसुन प्रति के.जी. | रू २।- | |
| (ढ) | जटामसी प्रति के.जी. | रू ३।- | |
| (ण) | विष प्रति के.जी. | रू २।- | |
| (त) | विषमा प्रति के.जी. | रू ५।- | |
| (थ) | इन्द्रेणीका बीउ प्रति के.जी. | रू १।- | |
| (द) | पाँचऔले प्रति के.जी. | रू ५।- | |
| (ध) | सिलाजित प्रति के.जी. | रू २।- | |
| (न) | भ्याउ प्रति के.जी. | रू २।- | |
| (प) | निर्मसी प्रति के.जी. | रू २०।- | |

| | | | |
|---|---|---|---|
| (फ) | च्याउ प्रति के.जी. | रू १।- | |
| (ब) | झ्याउ प्रति के.जी. | रू १।- | |
| (भ) | हाडखोर प्रति बोरा (प्रति ५० के.जी.) | रू १०।- | |
| (म) | छाडा पशु चौपाया जरिवाना प्रति) (गोटा | रू १००।- | |
| २०. | **कवाडी (सोलुदुधकुण्ड नगरपालिका भित्र सङ्कलित)** | | |
| (क) | धातुजन्यः फलाम, सिल्टी, तामा आदि | रू २.५० प्रति के.जी. | |
| (ख) | रबर, प्लाष्टिक,कागज जन्य | रू २ प्रति के.जी. | |
| २१. | **कवाडी (डम्पिङ साईडमा सङ्कलित)** | | |
| (क) | धातुजन्यः फलाम, सिल्टी, तामा जन्य कवाडी | रू १८.५० प्रति के.जी. | |
| (ख) | पानी,कोक,फेन्टा आदि वोतल जन्य कवाडी | रू १७.५० प्रति के.जी. | |
| (ग) | प्लाष्टिक जन्य कवाडी | रू १५।- | |
| (ग) | कागज,काटुन जन्य सवाडी | र.१०.५० प्रति के.जी. | |
| २२. | **नोटः-अन्यकरहरु-** प्रचलित कानून बमोजिम हुने तथा कार्यपालिकाले आवश्यकता अनुसार करका शीर्षकमा थपघट गरी सभाबाट अनुमोदन गराउन सक्नेछ । | | |

आज्ञाले टुक्ती शेर्पा
प्रमुख प्रशासकीय अधिकृत